☎(फोन नं.): ०६६-५२०१५०
बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
२०७३
बेसीशहरलमजुङ ,
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

मितिः २०८३/०३/३०

## बेसीशहर नगरपालिका परिसरमा रहेको क्यान्टिन संचालनको लागि दरभाउ-पत्र आह्वान गरिएको सम्बन्धी

# सूचना! सूचना!! सूचना!!!

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०३।३०)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अधिनमा रही यस कार्यालयको मिति २०८३।०३।२२ को निर्णयानुसार बेसीशहर नगरपालिकाको कार्यालय भवनको परिसरमा रहेको क्यान्टिन संचालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति वा फर्महरुले दर्ता/नवीकरणको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण, कर चुक्ताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजिपी र हार्डकपी दुबै माध्यामबाट ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको वेभर्साईट www.besishaharmun.gov.np वा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभर्साईट www.bolpatra.gov.np तथा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काको विवरण**

| क्र। सं। | ठेक्का नं. | ठेक्काको बिवरण | स्थान | भाडा रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/ 083/84/06 | बेसीशहर नगरपालिकाको कार्यालय भवनको परिसरमा रहेको क्यान्टिन संचालन | बेसीशहर न.पा. | ५०,०००।- (पचास हजार) | कबोल अंकको ५% | १०००।- |

**बोलपत्रसँग सम्बन्धित शर्तहरू**

१) यो ठेक्काको अवधि २०८३ श्रावण १ गतेदेखि २०८६ असार मसान्तसम्म ३ बर्षको लागि हुनेछ। यस कार्यालयले निर्धारण गरेको दररेटभन्दा बढी रकम असूल गर्न पाईने छैन ।

२) क्यान्टिन सञ्चालनको लागि दरभाउ-पत्रदाताले उपलब्ध गराउने परिकार र सामानको मूल्यसूची दरभाउ पत्र फारामसँगै उपलब्ध गराईने छ । सो मूल्यमा आफूले उपलब्ध गराउन सक्ने मूल्य खुलाएर अन्तिम दिनमा दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ।

३) आ.ब. २०८३।०८४ का लागि भाडा रकम रु. ५०,०००।- (पचास हजार, भ्याट वाहेक) कायम हुनेछ । दरभाउ-पत्र दाताले सो न्यूनतम रकममा चालु आ.ब. २०८३।८४ को लागि कबोल गरेको अंकमा १०% ले बृद्धि गरी आ.ब. २०८४।८५ को ठेक्का अंक कायम हुनेछ र सो ठेक्का रकममा पुनः १०% ले बृद्धि गरी आ.ब. २०८५।८६ को ठेक्का रकम कायम गरी ३ वर्षका लागि ठेक्का संचालन गरिनेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(फोन नं.): ०६६-५२०१५०
बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
२०७३
बेसीशहरलमजुङ ,
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

**क्यान्टिन संचालनको लागि कायम हुने ठेक्का रकम**

| बर्ष | आ.ब. | न्यूनतम ठेक्का रकम | प्रतिबर्ष बृद्दी हुने प्रतिशत र रकम | | कबोल अंक/ठेक्का रकम |
|---|---|---|---|---|---|
| पहिलो बर्ष | २०८३।८४ | ५०,०००।- | | | |
| दोस्रो बर्ष | २०८४।८५ | | १०% | | |
| तेस्रो बर्ष | २०८५।८६ | | १०% | | |

४) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपीका साथै वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट दरभाउ सम्वन्धी कागजातहरु डाउनलोड गरी ८औं दिन अर्थात मिति २०८३।०४।०५ गते १२.०० बजेभित्र सोही वेभसाईटमा अपलोड गरी सक्नु पर्नेछ ।साथै, दरभाउपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट समेत खरिद गरी माथि तोकिएकै समयभित्र हार्डकपी पेश गर्न सकिनेछ । दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

५) दरभाउ सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउ पत्रको व्यहोरा उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिन अवधी भएको बैंक जमानत-पत्र (Bank Guarantee) पेश गर्नु पर्नेछ।

६) रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै, दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

७) दरभाउ स्वीकृत भएमा सोको सूचना पाएको मितिले १० दिनभित्र पहिलो आ.ब. २०८३।८४ का लागि आफूले कबोल गरेको रकम र सोको लाग्ने सम्पूर्ण करसहितका रकम सहित सम्झौताका लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ । पछिल्लो आ.ब.को लागि हुने कर सहितका रकमहरु सोही आ.ब.को श्रावण महिनाको पहिलो हप्ताभित्रै भुक्तानी गरिसक्नु पर्नेछ ।

८) रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९) प्रचलित नियमानुसार कालोसूचीमा परेका वा यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्महरुले पेश गरेका दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

१०) तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्काको बन्दोबस्त गरिनेछ ।

सुदिप अधिकारी
प्रमुख प्रशासकीय अधिकृत


Scanned with CamScanner

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

२०७३

बेसीशहरलमजुङ ,
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३

च.नं. (Dis No.):

११) ठेक्का सम्झौताका कुनै पनि शर्त उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न गरी धरौटी जफत गरी प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सक्नेछ।

१२) यस कार्यालयले निर्णय गरे बाहेक बन्द, हड्ताल वा अन्य विशेष परिस्थितिका कारण कर संकलनमा कमी आए पनि ठेक्का रकममा कुनै छुट वा दाबी गर्न पाइने छैन । प्राकृतिक विपत्ति, आगलांगी, विघुत् अवरोध वा अन्य विशेष परिस्थितिका कारण सेवा प्रभावित भएमा प्रचलित कानून तथा यस कार्यालयले निर्णय गरेबमोजिम निर्णय हुनेछ।

१३) क्यान्टिनभित्र कुनै दुर्घटना, क्षति वा अप्रिय घटना भएमा तत्काल सुरक्षा निकाय र यस कार्यालयलाई जानकारी गराउनुपर्नेछ।

१४) कार्यालयले उपलब्ध गराएको क्यान्टिन परिसर र त्यहाँ रहेका भान्सा, भाँडाकुँडा तथा शौचालयको दैनिक रूपमा सरसफाई, राम्रो व्यवस्थापन तथा संरक्षण गर्नुपर्नेछ। क्यान्टिन भित्रका भौतिक संरचनाको सामान्य मर्मतसम्भार आफैंले गर्नुपर्नेछ। विघुत, खानेपानी तथा अन्य सेवासुविधाको प्रयोग सम्झौताबमोजिम हुनेछ। पूर्वस्वीकृति बिना कुनै स्थायी वा अस्थायी संरचना निर्माण, परिवर्तन वा हटाउन पाइने छैन।

१५) क्यान्टिनभित्र कुनै पनि अवैध, अश्लील, जुवातास, मदिराजन्य, सुर्तीजन्य वा लागूऔषध सम्बन्धी गतिविधि सञ्चालन गर्न वा गर्न दिन पाइने छैन। साथै, वातावरण संरक्षण, ध्वनि प्रदूषण नियन्त्रण तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ। क्यान्टिन बिहान ७ बजेबाट बेलुकी ५.३० बजेसम्म मात्र संचालन गर्न पाईनेछ ।

१६) क्यान्टिन सञ्चालनका लागि आवश्यक इजाजत-पत्र, दर्ता, कर तथा अन्य कानुनी दायित्व पुरा भएको गर्नुपर्नेछ।

१७) क्यान्टिनमा कार्यरत कर्मचारीले सफा पोशाक, व्यक्तिगत सरसफाइ तथा आवश्यक स्वास्थ्य मापदण्ड अपनाउनुपर्नेछ।

१८) बिक्री गरिने खाद्य तथा पेय पदार्थको मूल्यसूची नगरपालिकाको स्वीकृतिपश्चात् क्यान्टिनमा सबैले देख्ने गरी राख्नुपर्नेछ। स्वीकृत मूल्यभन्दा बढी रकम लिन पाइने छैन।

१९) खाद्य तथा पेय पदार्थ ताजा, स्वच्छ, गुणस्तरीय तथा उपभोगयोग्य हुनुपर्नेछ। म्याद गुज्रिएका वा अखाद्य वस्तु बिक्री गर्न पाइने छैन। क्यान्टिन सञ्चालन गर्दा प्रचलित कानून, खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी मापदण्डको पूर्ण पालना गर्नुपर्नेछ।

२०) कार्यालयका तर्फबाट माग भएका, चिया, नास्ता, खाना, खाजा आदि तोकिएको मूल्यमा समयमै उपलब्ध गराउनु पर्नेछ ।

२१) नगरपालिकाले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। कार्यालयले मागेको समयमा आवश्यक विवरणहरु उपलब्ध गराउनुपर्नेछ।

२२) सम्झौताका शर्त उल्लङ्घन भएमा नगरपालिकाले लिखित सूचना दिई सुधार गर्न निर्देशन दिन, जरिवाना गर्न, कार्यसम्पादन जमानत जफत गर्न वा सम्झौता रद्द गर्न सक्नेछ।

२३) ठेक्का अवधि समाप्त भएपछि क्यान्टिनमा भएका संरचना तथा सम्पत्तिहरू राम्रो र सञ्चालनयोग्य अवस्थामा नगरपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ। विशेष परिस्थिती पैदा भई तोकिएको समय अगाडि नै क्यान्टिन संचालन गर्न नसक्ने अवस्था सिर्जना भएमा कम्तिमा १ महिना अगावै कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

२४) यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

..................................

सुमन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner

श्री

# बेसीशहर नगरपालिकाको कार्यालय, लमजुङ

## बेसीशहर नगरपालिकाको मिति २०८३।०३।३० मा पहिलो पटक प्रकाशित सूचना अनुसारको दरभाउ-पत्र फाराम

बेसीशहर नगरपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

### कार्यालय भवनमा क्यान्टिन सञ्चालनको लागि दरभाउ-पत्रदाताले उपलब्ध गराउने परिकार र सामानको मूल्यसूची

| क्र. सं. | परिकारको नाम | इकाई | मूल्य | क्यान्टिनमा उपलब्ध हुने सामानको मूल्य | | घटी वा बढी |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १ | चिया (कालो/लेमन) | कप | १५ | | | |
| २ | चिया (दुध) | कप | २५ | | | |
| ३ | दुध गिलास (अनुमानित१५० एमएल) | कप | ३५ | | | |
| ४ | कफि सादा | कप | ४० | | | |
| ५ | कफि (दुध) | कप | ६० | | | |
| ६ | फलफूल | प्लेट | १०० | | | |
| ७ | मुस्ली/परिज/ओट्स दुधसँग | प्लेट | ६० | | | |
| ८ | खिर | प्लेट | ६० | | | |
| ९ | दही च्यूरा | प्लेट | ५० | | | |
| १० | दही | ग्लास | ४० | | | |
| ११ | मोही | ग्लास | २० | | | |
| १२ | लस्सी | ग्लास | ६० | | | |
| १३ | आलु परौठा | गोटा | २५ | | | |
| १७ | सेल रोटी | गोटा | २५ | | | |
| १४ | सुख्खा रोटी | गोटा | १५ | | | |
| १५ | पकौडा | प्लेट | ३० | | | |
| १६ | आलुचप | गोटा | १५ | | | |
| १८ | भट्टमास, चिउरा, अचार | प्लेट | ५० | | | |
| १९ | चना/चिउरा/अचार | प्लेट | ५० | | | |
| २० | तरकारी | प्लेट | २५ | | | |
| २१ | आलु फ्राई | प्लेट | २५ | | | |
| २२ | चना | प्लेट | २५ | | | |
| २३ | समसा | गोटा | १५ | | | |
| २४ | जेरी | पीस | १५ | | | |
| २५ | पुरी | पीस | १० | | | |
| २६ | म्याकरनी, पास्ता | प्लेट | ५० | | | |
| २७ | भेज मम | प्लेट | १०० | | | |
| २८ | मम (चिकेन/बफ) | प्लेट | १२० | | | |
| २९ | चाउमिन भेज (फूल) | प्लेट | १०० | | | |

शिव अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

| क्र. सं. | परिकारको नाम | इकाई | मूल्य | क्यान्टिनमा उपलब्ध हुने सामानको मूल्य | | घटी वा बढी |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| ३० | चाउमिन ननभेज (फूल) | प्लेट | १२० | | | |
| ३१ | चाउमिन अण्डा | प्लेट | ११० | | | |
| ३२ | चाउचाउ अण्डा | प्लेट | ५० | | | |
| ३३ | चाउचाउ सादा | प्लेट | ३० | | | |
| ३४ | चाउचाउ फ्राई | प्लेट | ४० | | | |
| ३५ | अमलेट अण्डा २ | गोटा | ५० | | | |
| ३६ | उसिनेको अण्डा | गोटा | २५ | | | |
| ३७ | मटन खाजा सेट | प्लेट | २५० | | | |
| ३८ | चिकेन खाजा सेट | प्लेट | २०० | | | |
| ३९ | भेज खाजा सेट | प्लेट | १२० | | | |
| ४० | सादा खाना | थाल | १२० | | | |
| ४१ | खसी मासु सहित खाना | थाल | २५० | | | |
| ४२ | कुखुरा मासु सहित खाना | थाल | २०० | | | |
| ४३ | क्यान्टिन भाडा | वार्षिक | तोकेअनुसार | | पहिलो बर्ष-५००००।-<br>दोस्रो बर्ष- ५५०००।-<br>तेस्रो बर्ष- ६०५००।- | |
| ४४ | विद्युत महशुल | मासिक | सबमिटरमा आएअनुसार | | | |

**बोलपत्रदाताको विवरण**

नाम, थर:

र्फमको नाम:

ठेगाना:

सम्पर्क नं-

दस्तखत:

र्फमको छाप:

**संलग्न कागजात (चिन्ह लगाउने)**

१. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान १
२. र्फम दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी थान १
३. मु.अ. कर दर्ताको प्रमाणित प्रतिलिपी थान १
४. कर चुक्ताको प्रमाणित प्रतिलिपी थान १
५. बोलपत्र फाराम दस्तुर बापत बुझाएको रसिद प्रमाणित प्रतिलिपी थान १
६. धरौटी रकम बापतं बुझाएको रसिदको प्रमाणित प्रतिलिपी वा बैंक ग्यारेन्टी (विड वण्ड) थान १
७. शर्त बमोजिमका अन्य आवश्यक कागजातहरु

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

श्री

# बेसीशहर नगरपालिकाको कार्यालय, लमजुङ

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बेसीशहर नगरपालिकाको मिति २०८३।०३।३० मा पहिलो पटक प्रकाशित सूचना अनुसारको

## दरभाउ-पत्र फाराम

| क्र. सं. | ठेक्का नं. | ठेक्काको बिबरण | वडा नं. | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | ठेक्का कबोल अंक | | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १. | Besishaharmun/ Revenue/SQ/083/84/ 06 | बेसीशहर नगरपालिकाको कार्यालय भवनको परिसरमा रहेको क्यान्टिन संचालन | बेसी शहर न.पा. | ५०,०००।- (पचास हजार) | | | कबोल अंकको ५% | १०००।- |

**बोलपत्रदाताको विवरण**

नाम, थरः

फर्मको नामः

ठेगानाः

सम्पर्क नं-

दस्तखतः

फर्मको छापः

**संलग्न कागजात (चिन्ह लगाउने)**

१. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान १
२. फर्म दर्ता तथा नवीकरणको प्रमाणित प्रतिलिपी थान १
३. मु.अ. कर दर्ताको प्रमाणित प्रतिलिपी थान १
४. कर चुक्ताको प्रमाणित प्रतिलिपी थान १
५. बोलपत्र फाराम दस्तुर बापत बुझाएको रसिद प्रमाणित प्रतिलिपी थान १
६. धरौटी रकम बापत बुझाएको रसिदको प्रमाणित प्रतिलिपी वा बैंक ग्यारेन्टी (बिड बण्ड) थान १
७. शर्त बमोजिमका अन्य आवश्यक कागजातहरु

CS Scanned with CamScanner